चापाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुन्तलीटार ,स्याङ्जा

चापाकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रमाणीकरण !
२०७८।३।२९

श्री शिव कुमार गिरी
नगर प्रमुख

चापाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चापाकोट, स्याङ्जा
२०७३

आर्थिक ऐन, २०७७

– सभावाट पारित मिति : २०७७।०३।१६



Scanned by CamScanner

# चापाकोट नगरपालिकाको आर्थिक ऐन, २०७७

## चापाकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

चापाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७ /०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम चापाकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७ " रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि चापाकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।गत आ.व.मा चापाकोट नगरपालिकाको वडा नं. १,२,८,९,१० मा मात्र यो कर लागु भएकोमा २०७७ श्रावण १ गते देखी नगरपालिकाको सम्पूर्ण क्षेत्रमा सम्पती कर लागु गरि असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।



Scanned by CamScanner

८. **विज्ञापन कर**: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

Scanned by CamScanner

## अनुसुची १

### सम्पत्ति कर

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | रु. ५ लाख सम्मको सम्पत्ति | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| २ | ५ देखि रु. १० लाख सम्मको | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| ३ | १० देखि रु. २० लाखसम्म | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| ४ | २० देखि रु. ५० लाखसम्म | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| ५ | ५० लाख भन्दा माथि रु. १ करोड सम्म | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| ६ | १ करोड भन्दा माथि रु. ५ करोड सम्म | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |
| ७ | ५ करोड भन्दा माथि जति भए पनि | | | समितिले बुझाएको प्रतिवेदन अनुसार |

## अनुसुची २

### *मालपोत तथा भूमिकर*

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | १ रोपनी भन्दा कम | | | सम्पत्ति करमा जाने |
| २ | ५ रोपनी सम्म | | | सम्पत्ति करमा जाने |
| ३ | १० रोपनी सम्म | | | सम्पत्ति करमा जाने |
| ४ | २० रोपनी सम्म | | | सम्पत्ति करमा जाने |
| ५ | २० रोपनी भन्दा माथी | | | सम्पत्ति करमा जाने |
| ६ | हर्जना | २० प्रतिशत प्रतिवर्ष | | |
| ७ | सार्वजानिक जग्गा | ५०० शहरी क्षेत्र र बाँकी २५० | | |

श्री शिव कुमार गिरी
नगर प्रमुख



Scanned by CamScanner

## अनुसुची ३

### घर बहाल कर

| क्र.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| २१ | घर वहाल कर | | | |
| | क) नगरपालिका कर | | | ०० प्रतिशत |
| | ख) घर वहाल कर | | | १० प्रतिशत |

## अनुसुची ४

### व्यवसाय कर, दस्तुर

| सि.नं. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | व्यापारिक वस्तु | | | |
| | १.१ सुन चाँदीका सामान तयारी र विक्री | ०। | | २०००। न्युनतम थप ५०० पुंजीअनुसार |
| | १.२ भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक | १०००। | | १५००। |
| | १.३ मोवाईल मर्मत तथा विक्री | १५००। | | २०००। |
| | १.४ चुरोट, रक्सी | | | |
| | (क) थोक विक्रेता | २०००। | | २५००। |
| | (ख) खुद्रा विक्रेता | १०००। | | १५००। |
| | १.५ हलुका पेय पदार्थ थोक विक्रेता | १०००। | | १५००। |
| | १.६ निर्माण सामग्री | | | |
| | (क) सिमेन्ट, छड र धातुका निर्माण सामग्री पसल | २५००। | | ३५००। |

श्री शिव कुमार गिरी
नगर प्रमुख

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | (ख) कुनै एक किसिमका निर्माण सामन मात्र | ३५००। | | २०००। |
| | १.७ कम्प्युटर र सो का सामान विक्री गर्ने पसल | १०००। | | १५००। |
| | विद्युत् पसल | | | |
| | (क) विजुलीका सामान थोक विक्रेता | १०००। | | १५००। |
| | (ख) विजुलीका सामान खुद्रा विक्रेता | ६००। | | १०००। |
| | १.९ रेडियो, घडी विक्री तथा इलेक्ट्रोनिक्स | १२००। | | १५००। |
| | १.१० फर्निचरका सामान तथा कार्पेट पसल | ३०००। | | ३५००। |
| | १.११ पेट्रोलियम पदार्थ | | | |
| | (क)आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ विक्री | ७०००। | | ८०००। |
| | (ख) खुद्रा ग्याँस विक्री | १०००। | | १५००। |
| | १.१२ टेलिभिजन तथा फ्रिज पसल | २५००। | | ३०००। |
| | १.१३ खाद्यान्न किनारा पसल | | | |
| | डिपार्टमेन्टल स्टोर | ४०००। | | ५०००। |
| | (क) सवै किसिमका किराना सामानको थोक विक्रेता | ३०००। | | ३५००। |
| | (ख) ५ लाखदेखि बढी पूजी भएको किराना सामान विक्रेता | २०००। | | २५००। |

श्री शिव कुमार गिरी
नगर प्र

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | (ग) ५ लाखसम्म पूजी भएको किराना सामान विक्रेता | ७५०। | | १०००। |
| | (घ) फलफुल तथा तरकारी पसल | ५००। | | ७५०। |
| | (ङ) खाद्यान्नको मात्र पसल | १०००। | | १५००। |
| | १.१४ कपडा पसल | | | |
| | (क) रेडिमेड कपडा पसल | १५००। | | २०००। |
| | (ख) अन्य कपडा पसल | १०००। | | १५००। |
| | १.१५ कृषि तथा पशु सम्बन्धी पसल | | | |
| | क) किट नाशक औषधी तथा विउविजन | १५००। | | २०००। |
| | ख) पशुपंक्षिको औषधी आदी | १०००। | | १५००। |
| | ग) मलखाद पसल | १०००। | | १०००। |
| | १.१६ मासु पसल | १२५०। | | १५००। |
| २ | परामर्श तथा व्यवसायक सेवा | | | |
| | २.१ सामान ढुवानी कर्ता कम्पनी | १५००। | | २०००। |
| | २.२ परामर्शदाता कम्पनी | १५००। | | २५००। नया दर्ता रु १५ हजार |
| | निर्माण व्यवसाय | | | |
| | ३.१ क वर्ग | ५०००। | | १००००। |
| | ३.२ ख वर्ग | ४०००। | | ८०००। |

श्री शिव कुमार गिरी
नगर प्रमु

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ३.३ ग वर्ग | ३०००। | | ७०००। |
| | ३.४ घ वर्ग | २००० | | ५०००। इजाजत पत्रको कार्यविधि अनुसार दर्ता तथा नविकरण हुने |
| ४ | उद्योग | | | |
| | ४.१ उत्पादनमूलक उद्योग | | | |
| | (क) उद्योग (इट्टा, पिउने पानी) | ६५००। | | ७५००। |
| | (ख) घरेलु तथा साना उद्योग | १०००। | | १५००। |
| | (ग) वेल्डीङ तथा ग्रील पसल | १२५०। | | १५००। |
| | ४.२ फर्निचर उद्योग | | | |
| | (क) ट्रली समेत रहेको फर्निचर उद्योग | ३५००। | | ४५००। |
| | (ख) स-मिल तथा उच्च स्तरको फर्निचर उद्योग | ३५००। | | ४५००। |
| | (ग) सामान्य फर्निचर उद्योग | १०००। | | ३०००। |
| | ४.३ उर्जामूलक उद्योग, कृषि तथा वनजन्य उद्योग | | | |
| | (क) एक करोड देखि माथी पूजी भएको | ३०००। | | ३५००। |
| | (ख) एक करोड भन्दा मुनी १० लाखसम्मको | २०००। | | २५००। |
| | ४.४ खनिज उद्योग | १५००। | | १५००। |
| ५ | पर्यटन | | | |
| | (क) होटल, लज रिसोर्ट, तथा रेष्टुरेण्ट | २५००। | | ४०००। |
| | (ख) चिया तथा खाजा पसल | ७००। | | १०००। |
| | (ग) कपाल काट्ने पसल | ७००। | | १०००। |
| | (घ) ब्यूटी पार्लर पसल | ७००। | | १०००। |

श्री शिव कुमार गिरी

२०७३



Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | सेवा उद्योग | | | |
| | ६.१ सिनेमा हल | १५००। | | २५००। |
| | ६.२ अफसेट प्रेस | १५००। | | २०००। |
| | ६.३ कोल्ड स्टोर तथा फाष्टफुड पसल | १०००। | | १२००। |
| | ६.४ सार्वजनिक परिवहन वुकिङ्ग | ५००। | | ५००। |
| | ६.५ मोटरसाईकल वर्क शप | ७५०। | | १५००। |
| ७ | निर्माण उद्योग | १२५०। | | २०००। |
| ८ | संचार सेवा | | | |
| | ८.१ फोन, प्याक्स, इमेल, इन्टरनेट सेवा सम्बन्धी व्यवसाय | ५००। | | ७५०। |
| | ८.२ कुरियर सेवा | ५००। | | ७५०। |
| | ८.३ छपाई तथा प्रकाशन गर्ने फर्म | १०००। | | २०००। |
| ९ | पत्रपत्रिका तथा स्टेशनरी पसल | १०००। | | १५००। |
| १० | वित्तीय सेवा | | | |
| | १०.१ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था क वर्ग | ६०००। | | १००००। |
| | १०.२ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था ख वर्ग | ५००० | | ८०००। |
| | १०.३ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वैक तथा वित्तीय संस्था ग वर्ग | ४५०० | | ६०००। |
| | १०.४ आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १००००। | | १००००। |
| | १०.५ बिमा कम्पनी/काउण्टर | ५०००। | | ५०००। |
| | १०.६ विदेशी मुद्रा सटही काउन्टर | १०००। | | १५००। |
| | १०.७ धितोपत्र कारोबार | १०००। | | १०००। |
| ११ | स्वास्थ्य सेवा | | | |

श्री शिव कुमार गिरी
नगर प्रमुख

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ११.१ गैन्ह सरकारी अस्पताल | ५०००। | | १००००। |
| | ११.२ नर्सिङ्ग होम | ५०००। | | ८०००। |
| | ११.३ क्लिनिक तथा ल्याब | २५००। | | ३०००। |
| | ११.४ फार्मेसी तथा औषधी पसल | २५००। | | ३०००। |
| १२ | पशुपंक्षि तथा कृषि व्यावसायिक फर्म | ७५०। | | १५००। |
| १३ | नगरपालिकाले तोकेको स्थानमा तथा नियमानुसार सार्वजनिक स्थलमा ठेला गाडामा राखी व्यवसाय गर्ने लाई | ५००। | | ५००। |
| १४ | घरेलु मिल | | | |
| | १४.१ कुटानी पिसानी मिल | ५००। | | ७५०। |
| | १४.२ तेल पेल्ने समेत भएको मिल | ७५०। | | १०००। |
| १५ | निजी विद्यालय संचालन दर्ता | | | ५०००। र (आम्दानीको ५ प्रतिशत थप) |
| १६ | भाषा प्रशिक्षण केन्द्र संचालन | | | ३५०० |
| १७ | भाडा पसल | | | अधिकृत पुजि ५ लाख भएको रु २०००। र अधिकृत पुजी सो भन्दा वढी भएको हकमा २५००। |

## अनुसुची ५

### जडिवुटी कवाडी र जिबजन्तु कर दर

| क्र.स. | जडिवुटी कवाडी र जिवजन्तु कर | दर |
|---|---|---|
| १ | ऊन प्रति ५ के.जी | ५० |
| २ | खोटो प्रति क्विन्टल | ३५० |
| ३ | कवाडी माल प्रति क्विन्टल | १०० |
| ४ | मृत जनावर तथा जिवजन्तुको हाड प्रतिक्विन्टल | २०० |
| ५ | मृत जनावर तथा जिवजन्तुको सिङ प्रति क्विन्टल | २०० |
| ६ | मृत जनावर तथा जिवजन्तुको प्वाख प्रति १० के.जी | १०० |
| ७ | मृत जनावर जिवजन्तुको छाला वर्गफुट | १०० |

श्री शिव कुमार गिरि



Scanned by CamScanner

## अनुसुची ६

### वार्षिक सवारी साधन कर दर

आ.व. २०७६।७७ को निम्न लिखित सवारीसाधन करमा आ.व. २०७७७८ मा १० प्रतिशतले वृद्धि हुने छ ।

| क्र.स. | सवारी साधन कर | दर |
|---|---|---|
| १ | बस ट्रक लहरी | १००० |
| २ | मिनि वस ट्रक ६ पांग्रे | ८०० |
| ३ | मिनि वस ट्रक ४ पांग्रे | ६०० |
| ४ | भाडाको कार जिप | २०० |
| ५ | निजि कार भ्यान जिप पिकप | २०० |
| ६ | ट्याक्टर ठुलो ४० र्हस पावर माथि | ५०० |
| ७ | ट्याक्टर सानो ४० र्हस पावर तल | ३०० |
| ८ | स्कुटर मोटर साईकल | १०० |
| ९ | ठेला तथा रिक्सा | २५ |
| १० | सफा ट्याम्पो/अटो ई.रिक्सा | ५०० |
| ११ | गोरुगाडा | १० |
| १२ | पावर टेलर | २०० |
| १३ | लोडर डोजर एक्साभेटर | १५०० |
| १४ | सवारि दर्ता कर | ५०० |

## अनुसुची ६.१

### पटके सवारी कर

आ.व. २०७६।७७ को निम्न लिखित सवारीसाधन करमा आ.व. २०७७७८ मा २० प्रतिशतले वृद्धि हुने छ ।

| क्र.स. | पटके सवारी कर | दर |
|---|---|---|
| १ | एस्काभेटर | ५०० |
| २ | डोजर | ३०० |
| ३ | विदेशी लहरी, ट्रक, गाडि | ३०० |
| ४ | विदेशी वस, कार , ट्रक, भ्यान | २०० |
| ५ | वस, ट्रक, टिपर र ट्याक्टर | १०० |
| ६ | जिप, कार , डेलीभरी भ्यान र अटो | ५० |

श्री शिव कुमार गिरि
नगर प्रमुख



Scanned by CamScanner

अनुसुची ७

विज्ञापन कर दर

| क.स | विज्ञापन कर | दर |
|---|---|---|
| १ | साईन वोर्ड ग्लोवोर्ड होडिगं वोर्ड २५ वर्गफुट भन्दा माथि | १००० |
| ३ | साईन वोर्ड ग्लोवोर्ड होडिगं वोर्ड २५ वर्गफुट सम्म | ७०० |
| ४ | तुल व्यानर एक हप्ता भन्दा सम्म | १०० |
| ५ | तुल व्यानर एक हप्ता भन्दा वढी एक महिना सम्म | २०० |
| ६ | पोल व्यानर एक हप्ता भन्दा वढी एक महिना सम्म | ५० |
| ७ | व्यवसायिक भिडियो कर | १०० |

अनुसुची १०

**बहाल विटौरी कर**

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १. | स्पीकर भाडा प्रतिदिन | रु. ५०० | ४०००। | रु. ५०० |
| २. | प्रोजेक्टर भाडा प्रतिदिन | रु. ५०० | | रु. १००० |
| ३. | हल भाडा प्रतिदिन | | | रु. १५०० |
| ४ | हाटवजार | | | रु ५०० |

अनुसुची ११

पार्किङ शुल्क दर

| क.स | पार्किङ शुल्क | आ.ब. २०७६।७७ | आ.ब. २०७७।७८ |
|---|---|---|---|
| १ | ठुला सवारी साधन | २० | १० |
| २ | सोना सवारी साधन | १० | ५ |

श्री शिव कुमार गिरी
नगर प्रमुख

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७२



Scanned by CamScanner

अनुसूची १२

सेवा शुल्क दस्तुर

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ३००। | | ३००। |
| २ | नागरिकता प्रतिलिप सिफारिस | २००। | | ३००। |
| ३ | चार किल्ला प्रमाणित प्रति कित्ता सिफारिस | ५००।र प्रतिकित्ता थप रु ५० | | ५००।र प्रतिकित्ता थप रु ५० |
| ४ | घरबाटो सिफारिस | ५००। | | ५००। |
| ५ | नाता प्रमाणित | ३००। अंग्रेजि रु ५०० | | ३००। अंग्रेजि रु ७५०। |
| ६ | जन्म प्रमाणित | २००। | | ३००। |
| ७ | विवाह प्रमाणित | २००। | | ३००। |
| ८ | नाबालक प्रमाणित | ३००। | | ५००। |
| ९ | आम्दानी प्रमाणित अंग्रेजीमा मूल्यांकित रकमको | ०.१० %/प्रतिलाख रु १५० | | ०.१५ %/प्रतिलाख रु १५० |
| १० | सम्पत्ति तथा जग्गाको मूल्याङ्कन सिफारिस अंग्रेजीमा मूल्यांकित रकमको | ०. १० %/प्रतिलाख रु १५० | | ०. १५ %/प्रतिलाख रु १५० |
| ११ | आम्दानी प्रमाणित, सम्पत्ति तथा जग्गा मूल्याङ्कन नेपालीमा (मूल्याङ्कित रकमको) | ०.१५%/प्रतिलाख रु २०० | | ०.१०%/प्रतिलाख रु २०० |
| १२ | घर बाटो भएको/नभएको प्रमाणित | २००। | | ७५०। |
| १३ | नामसारी सिफारिस | ५००। | | ५००। |
| १४ | अग्रेजीमा नाता प्रमाणित | ५००। | | ७५०। |
| १५ | अग्रेजीमा जन्म प्रमाणित | ५००। | | ७५०। |
| १६ | अग्रेजीमा विवाह प्रमाणित | ५००। | | ७५०। |
| १७ | अग्रेजीमा नाबालक प्रमाणित | ५००। | | ७५०। |

श्री शिव कुमार गिरी
नगर प्रमुख

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| १८ | कित्ताकाट सिफारिस | ०.१०%/प्रतिलाख रु २०० | | ०.१०%/प्रतिलाख रु २०० |
| १९ | मोही लगत कट्टा | ५००। | | १०००। |
| २० | विद्यालय कक्षा थप | ५०००। | | ५०००। |
| २१ | खानेपानी जडान | १००।प्रति धारा | | १००।प्रति धारा |
| २२ | संस्था दर्ता, नविकरण खारेजी र अनुमति शुल्क | ५००। | | दर्ता रु १०००। नविकरण र खारेजी रु ५००। |
| क | सहकारी दर्ता | २५००। | | ३५००। |
| २३ | रेडियो संचालन अनुमति, नविकरण, खारेजी शुल्क | ५०००। | | ५०००। |
| २४ | केबल ईन्टरनेट, टेलिभिजन प्रसारण, अनुमति र नविकरण शुल्क | १००००। | | ५०००। |
| २५ | विजुली मिटर सिफारिस | | | |
| | २५.१ ५ एम्पियरसम्म | ३००। | | ३००। |
| | २५.२ ५ देखि माथि १६ एम्पियरसम्म | ५००। | | ५००। |
| | २५.३ १६ एम्पियरभन्दा माथि | १०००। | | १०००। |
| ३० | नयाँ विद्यालय दर्ता सिफारिस | ५०००। | | ५०००। |
| ३१ | अस्थायी बसोवास सिफारिस | ३००। | | ३००। |
| ३२ | स्थायी बसोवास सिफारिस | ३००। | | ३००। |
| ३३ | फरक फरक नाम थर सिफारिस | ३००। | | ३००। |
| ३४ | तिन पुस्ते प्रमाणित | ३००। | | ३००। |
| ३५ | हिज्जे फरक भएको सिफारिस | ३००। | | ३००। |
| ३६ | मृतकको हकदार प्रमाणित | ३००। | | ५००। |
| ३७ | जग्गा धनी प्रमाणपुर्जा सिफारिस | ३००। | | ३००। |
| ३८ | कर चुक्ता | ५००। | | ५००। |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३९ | गैन्ह सरकारी संस्था दर्ता सिफारिस | २०००। | | २०००। |
| ४० | व्यवसाय बन्द सिफारिस | २००। | | ५००। |
| ४१ | फोहोर मैला व्यवस्थापन शुल्क | | | |
| | व्यापारिक रुपमा निस्किएका फोहोरको शुल्क कम्तिमा | रु. १००। प्रति महिना | | रु ५० प्रतिघर प्रतिमहिना |
| | व्यक्तिगत रुपमा निस्किएका फोहोरको शुल्क कम्तिमा | रु. ५०। प्रति महिना | | रु. ५०। प्रति महिना |
| ४२ | उद्योग व्यावशाय दर्ता सिफारिस | ३००। | | ५००। |
| | सिफारिसका लागी मुचुल्का तयार गर्नु परेमा सिफारिस दस्तुरमा थप | २००। | | २००। |
| ४३ | सर्जमिन मुचुल्का | १०० | | १०००। |
| ४४ | वडा मुचुल्का | १०० | | २००। |

*व्यक्तिगत घटना दर्ता :*

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | घटना दर्ता(जन्म मृत्यु, विवाह वसाइसराई सम्वन्ध विच्छेद) शुल्क | ५० | | १००। |

श्री शिव कुमार गिरी
नगर प्रमुख

चापाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चापाकोट,स्याङ्जा
२०७३



Scanned by CamScanner

## संघ संस्था सञ्चालन तथा नविकरण

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब्. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | गैर नाफामुलक संस्था प्रमाणपत्र वापत | १५०० | | १५००। |
| २ | संस्था दर्ता, नविकरण खारेजी र सिफारिस शुल्क | ५०० वार्षिक रु ५ करोड भन्दा माथि कार्यक्रम भएमा १००० | | ५०० वार्षिक रु ५ करोड भन्दा माथि कार्यक्रम भएमा १००० |

## नक्सा पास दस्तुर

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १ | नक्सा पास फाराम प्रति फाराम | ७५० | | १०००। |
| २ | नक्सा पास दस्तुर प्रति वर्गफिट | | | सडक मापदण्ड बमोजिम |
| ३ | घर नियमित दस्तुर | | | सडक मापदण्ड बमोजिम र कुल क्षेत्रफलको रु १। |
| ४ | घर नक्सा संशोधन | | | ५००। बढेको क्षेत्रफलमा सडक मापदण्ड अनुसार |
| ५ | घर नक्सा सम्पन्न प्रमाणपत्र | ५००। | | १०००। |

## विविध शुल्क

| क.स. | विवरण | आ.ब. २०७६।७७ | संकलित राजस्व | आ.ब. २०७७।७८ का लागि सिफारीस गरिएको |
|---|---|---|---|---|
| १. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर अधिकृत स्तर | रु. १०००। | | रु. १०००। |
| २ | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर सहायक स्तर | ५००। | | ४००। (रु ३०० का.स.को लागि) |
| ३ | बोलपत्रतथा टेण्डर दस्तुर | आ.प्र. ऐन नियम अनुसार | | आ.प्र. ऐन नियम अनुसार |
| ४ | सडक मर्मत दस्तुर | | | गत आ.व.को ४० प्रतिशतले थप हुने छ। |
| ५ | जे.सी.वि संचालन | | | इन्धन सहित रु २२०० र इन्धन वाहेक रु १८०० प्रतिघंटा |
| क | स्काभेटर | | | इन्धन सहित ५२०० र इन्धन वाहेक ४७०० ब्रेकर सहित इन्धन ६३०० प्रतिघंटा |
| ख | रोलर प्रतिदिन | | | इन्धन सहित १३००० इन्धन वाहेक १०००० |
| | | | | |

श्री शिव कुमार गिरि
नगर प्रमु

Scanned by CamScanner

अनुसूची १७

| क्र.सं. | आय शिर्षक | आ.व.०७५/०७६ को अनुमानित आय (समिक्षा | आ.व.०७६/०७७ को यथार्थ | आ.व.०७७/०७८ को अनुमानित आय |
|---|---|---|---|---|
| १ | सम्पत्तीकर | | ३४००००००।०० | ४००००००।०० |
| २ | सेवा शुल्क, दस्तुर | | १५०००००।०० | ५०००००००।०० |
| ३ | घर वहाल कर | | २००००००।०० | ४००००००।०० |
| ४ | व्यवसाय ~~कर~~ | | १५००००००।०० | २००००००।०० |
| ५ | जडिबुटी, कवाडी र जीवजन्तु कर | | २००००००।०० | ५००००।०० |
| ७ | विज्ञापन कर | | ५००००।०० | ५००००।०० |
| ८ | मनोरन्जन कर | | २५०००।०० | ५००००।०० |
| ९ | बहाल बिटौरी शुल्क | | २५०००।०० | ५००००।०० |
| १० | पार्किङ शुल्क | | ०।०० | १००००।०० |
| ११ | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क | | ०।०० | १००००।०० |
| १२ | पर्यटनशुल्क | | ०।०० | १००००।०० |
| १३ | पटके कर, | | १००००००।०० | १००००००।०० |
| १४ | दहत्तर ब्रहत्तर | | ५००००००।०० | ६६२००००।०० |
| १५ | सामुदायिक वनवाट प्राप्त रोयल्टी | | ००।०० | ३००००।०० |
| १६ | मालपोत (थैली) मालपोत कार्यालयबाट प्राप्त हुने | | २५००००००।०० | ३५००००००।०० |
| १७ | यान्त्रिक उपकरण बाट प्राप्त आम्दानी | | | १००००००००।०० |
| | कूल जम्मा | | २१०५००००।०० | ३३५०००[illegible] |

नोट : यान्त्रिक उपकरण संचालन कार्यविधि निर्माण गरि मेशिनरी औजार संचालन तथा व्यवस्थापन गरिने छ ।

आँधिखोला गाउँपालिका / गाउँकार्यपालिकाको कार्यालय, स्याङ्जा, २०७३

श्री शिव कुमार गिरी



Scanned by CamScanner